Redg. No. KTM, 502⁄053⁄1997
SWC Affiliation No, 16279

राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
National Human Rights Foundation
(HURFON)
Central Office, Kathmandu, Nepal

P.O.Box, 6601
Binayak Nagar, New Baneshwor
Kathmandu, Nepal
Tel, 01–4463127, Fax, 01-4493755
Email, hurfon@wlink.com.np
URL, www.hunfon.org.np

# प्रतिष्ठानको छैटौं राष्ट्रिय सम्मेलन सम्पन्न

मिति : २०६८।११।६




वि. सं. २०५३ सालदेखि मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा अग्रस्थानमा रहेर क्रियाशील यस राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको छैटौं राष्ट्रिय सम्मेलन (साधारणसभा) यही २०६८ फागुन ६ गते शनिबारका दिन भक्तपुरस्थित ख्वप: इन्जिजियरिङ कलेजको सभाकक्षामा प्रतिष्ठानका अध्यक्ष आनन्दप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका मा. अध्यक्ष एवं पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्यायको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनमा ३० भन्दा बढी जिल्ला शाखाका प्रतिनिधि, संस्थापक सदस्यहरू, आजीवन सदस्यहरू, केन्द्रीय समिति र सल्लाहकार एवं अतिथिहरूसमेत गरी १५० जनाको सहभागिता रहेको थियो । पूर्व सभामुख दमननाथ ढुङ्गाना, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे, प्रतिष्ठानका संस्थापक अध्यक्ष एवं वरिष्ठ अभिवक्ता कृष्णप्रसाद भण्डारी, मानव अधिकार राष्ट्रिय महाभेला-२०६८ का संयोजक प्रा. कपिल श्रेष्ठ, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का अध्यक्ष सूर्यप्रसाद श्रेष्ठ, एनेकपा (माओवादी) भक्तपुर प्रतिनिधि ज्ञानेन्द्र कुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ भक्तपुर शाखाका उपसभापति भरतबन्धु थापा, इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, मानव विकास तथा शान्ति अभियानका अध्यक्ष प्रदीप पोखरेल, मानव अधिकार संयुक्त मञ्चका सह-संयोजक बाबुराम गिरी, महिला मानव अधिकारवादी रक्षकहरूको सञ्जाल, भक्तपुरका संयोजक सुशिला सुवेदी, भक्तपुर बार एसोसिएसनका अध्यक्ष हरि राउतलगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूले उद्घाटन समारोहलाई सम्बोधन गर्नु भएको थियो ।

सोही अवसरमा नेपालको मानव अधिकार आन्दोलनका प्रणेता एवम् यस राष्ट्रिय मानव अधिकार प्रतिष्ठानका संस्थापक अध्यक्ष वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई यस वर्षको **"शान्ति र मानव अधिकार राष्ट्रिय सम्मान- २०६८"** द्वारा सम्मान गरियो । प्रमुख अतिथि केदारनाथ उपाध्यायले सम्मानपत्र, विशिष्ट अतिथि दमननाथ ढुङ्गानाले फूलको माला र विशिष्ट






अतिथि नारायणमान बिजुक्छेले भादगाउँले टोपी लगाई वरिष्ठ अधिवक्ता भण्डारीलाई सम्मान गर्नुभएको थियो । सम्मानपत्र प्रतिष्ठानका उपाध्यक्ष विजयकुमार सिंहले वाचन गर्नुभएको थियो ।


*बाबाकृष्ण गुरुङ*

यसैगरी प्रतिष्ठानका केन्द्रीय सल्लाहकार समाजसेवी बाबाकृष्ण गुरुङ र आजीवन सदस्य प्रतापसिंह तामाङलाई यस वर्षको **"समाजसेवा राष्ट्रिय सम्मान-२०६८"** द्वारा सम्मान गरिएको छ भने यस वर्षको **सर्वोत्कृट शाखा सम्मान** सभापति विनोदकुमार श्रेष्ठ दाङ शाखालाई र उत्कृष्ट शाखा सम्मान क्रमशः सभापति रामगोबिन्द खागी (किरण) भक्तपुर शाखा र सभापति घमान तामाङ बौद्ध शाखालाई





प्रदान गरिएको छ। प्रतिष्ठानको संस्थागत विकास र मानव अधिकार अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने प्रतिष्ठानका सल्लाहकार एवं इस्ट्यापका अध्यक्ष ई. प्रकाशचन्द्र जोशी, प्रतिष्ठानका आजीवन सदस्य अजय मोहपाल, सक्रिय सदस्य एवं वरिष्ठ फोटो पत्रकार न्हुच्छेमान डंगोल, र मानव अधिकार परिषद् नेपालका अध्यक्ष तुलसी थापा समेतलाई सम्मेलनको उद्घाटन समारोहमा कदर-पत्र प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन महासचिव भवानीप्रसाद खरेलले गर्नुभएको थियो। सम्मेलनको उद्घाटन समारोहका अतिथि स्वक्ताहरूका विचार संक्षेपमा प्रस्तुत गरिएको छ।



**मा. केदारनाथ उपाध्याय : अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग :**

संस्थाले विगत १५ वर्षदेखि मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको सराहना गर्दै आगामी दिनमा समेत मानव अधिकारको सम्वर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्ने बताउनुभयो । साथै मानव अधिकारको क्षेत्रमा कुनै पनि राजनीतिक दलहरू गम्भीर नभएको बताउँदै राजनीतिक दल र तिनका भ्रातृ संगठनले हत्या, हिंसा, दण्ड र अराजकतापूर्ण कार्य गर्दा मानव अधिकारको क्षेत्र कमजोर देखिएको बताउँदै मानव अधिकारको पालनामा दलहरू गम्भीर हुनुपर्ने कुरामा जोड दिनुभयो। जनताले चाहेको संविधान निर्माणले मात्र मानव अधिकार सुनिश्चित हुने बताउँदै जेठ १४ भित्रै सर्वस्वीकार्य संविधान निर्माण गरी देशलाई संक्रमणकालबाट अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो। उहांले मानव अधिकार आन्दोलनका अग्रज कृष्णप्रसाद भण्डारीको योगदानका बारेमा प्रकास पार्नु भएको थियो।



**दमननाथ ढुंगाना : पूर्व सभामुख :**

मानव अधिकार आन्दोलनका अग्रज कृष्णप्रसाद भण्डारीलाई प्रतिष्ठानले सम्मान गरेर एउटा राम्रो काम गरेको बताउँदै भण्डारीजीको योगदानको खुलेर प्रशंसा गर्दै **भण्डारीजी जनताको अदालतका प्रधानन्यायाधीश** भएको बताउनुभयो। विभेदको अन्त्य तथा मानव अधिकारको सुनिश्चितताका लागि राज्य जबाफदेही नहुँदा मानव अधिकारको स्थिति कमजोर बन्दै गएको बताउनुभयो। उहाँले संविधानसभाले हाम्रो संविधानभन्दा पनि राम्रो संविधान निर्माण गर्नुपर्ने कुरामा जोड दिँदै पटक पटक संविधानसभाको म्याद बढाउने अधिकार जनताले नदिएको बताउनु भयो। दलहरु देश र जनता प्रति जिम्मेवार नभएकोमा चिन्ता जाहेर गर्नु भएको थियो।



**मा. नारायणमाज बिजुक्छे : अध्यक्ष, नेमकिपा :** निरंकुशताका विरुद्ध निरन्तर आवाज उठाउँदै आउनुभएका मानव अधिकार क्षेत्रका अग्रज तथा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई सम्मान गर्न पाउँदा आफू अत्यन्तै खुसी भएको तथा भक्तपुरका जनता र भण्डारीबीचको एउटा ऐतिहासिक सम्बन्ध रहेको बताउनु भयो। उहाँले ठूला दलका केही नेताहरूको कारणले नै देशमा शाति र संविधान निर्माणमा अवरोध सिर्जना भएको बताउनुभयो। जनताको भावना नसमेटिकन हतारमा बनाएको संविधानले सार्थक रूप लिन नसक्नेमा उहाँले जोड दिनुभयो। माओवादी र मधेसवादी दलले भनेजस्तो जातीय राज्य तथा एक मधेस एक प्रदेशको नीति कार्यान्वयन नभएसम्म उनीहरूले संविधान निर्माणमा अवरोध सिर्जना गर्ने दावी गर्नुभयो।



**सूर्यप्रसाद श्रेष्ठ : अध्यक्ष, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) :** नेपाल अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। संविधानसभापछि बनेका सरकारहरू जनताप्रति उत्तरदायी भएको देखिदैन। राजनीतिक अभियन्ताहरूको कमी कमजोरीले गर्दा संविधान लेखन प्रक्रियामा खासै प्रगति भएको देखिदैन। मुलुकमा शान्ति सुरक्षाको अभावमा दिनानुदिन हत्या, हिंसा, अपहरण, बलात्कारजस्ता घटनाहरू घटिरहेका छन्। सरकार मौन अवस्थामा रहेको छ। यसैगरी राजनीतिक खिंचातानीले गर्दा अधिकांश संवैधानिक अंगहरू पदाधिकारीविहीन भएको अवस्था छ। यसर्थ तोकिएको समयमा संविधान निर्माण गरी मुलुकमा सुशासन कायम गरिनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ।



**कृष्णप्रसाद भण्डारी : संस्थापक अध्यक्ष, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान :** मानव अधिकारको हनन र उल्लङ्घनको न्यूनीकरण गर्ने अधिकारकर्मीहरूको ठूलो भूमिका रहेको छ। विशेषगरी वकिलहरूको पनि उत्तिकै भूमिका रहेको छ। मुलुक अहिले संविधान निर्माणको क्रममा रहेको छ। यस क्रममा हरेक जातजाति, भाषाभाषीहरूले आ-आफ्ना हक अधिकार, भाषा, संस्कृति संरक्षण गर्न सशक्तरूपमा आवाज उठाउँदै आइरहेका छन्। यसलाई सकारात्मक रूपमा लिन सकिन्छ। यसर्थ हरेक जातजाति, भाषाभाषी, क्षेत्रको हित अनुकूल संविधान तोकिएको समयसीमाभित्र बनाउनु समयको माग रहेको छ।



**प्रा. कपिल श्रेष्ठ : संयोजक, मानव अधिकार राष्ट्रिय महाभेला २०१२ :** मानव अधिकारको मूल्य र मान्यताको विकास विश्वमा तीव्र गतिमा भइरहेको छ। यो अवस्थामा मानव अधिकार एउटा बहुपक्षीय, बहुमुखी विचारका रूपमा चुम्बकीय आकर्षणले युक्त शब्दमा सबैलाई आकर्षित गरिरहेको छ। यसले संसारलाई हरेक पक्षमा परिवर्तन र रुपान्तरण ल्याएको छ। मानव अधिकारको सोच र सिद्धान्तलाई विश्वभरीका मानिसले एउटा ऐक्यबद्धताको सूत्रमा बाँधेको छ, जसले गर्दा मानव अधिकार सभ्य समाजको पहिचानको मापदण्ड भएको छ।



**सुवोधराज प्याकुरेल : अध्यक्ष, इन्सेक :** मुलुकमा शान्ति सुरक्षाको अभाव छ। दिनानुदिन हत्या, हिंसा, अपहरणजस्ता घटनाहरू घटिरहेका छन्। मानिसको बाँच्न पाउने अधिकारको उल्लंघन भइरहेको छ। यहाँ सम्म की मानव अधिकार रक्षकहरूको ज्यान समेत खतरामा रहेको छ। दण्डहीनता पराकाष्ठामा पुगिसकेको छ साथै राजनीतिको लागि अपराधिकरण पनि भइरहेको छ। यसर्थ भन्न सकिन्छ कि विगतका दिनहरूमा भन्दा अहिले मानव अधिकारको अवस्था अत्यन्तै दयनीय रहेको छ।



**प्रदीप पोखरेल : अध्यक्ष, मानव विकास तथा शान्ति अभियान :** विगतमा महिला हिंसा तथा जातीय भेदभावका घटनाहरूलाई हेर्दा नेपालमा मानव अधिकारको अवस्थालाई सजिलै रूपमा मूल्याङ्न गर्न सकिन्छ। मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मान गर्नमा सरकार संबेदनशील भएको देखिंदैन। परिणामतः मानव अधिकारको हनन् र उल्लघनमा दिनानुदिन बृद्धि भइरहेको अवस्था छ।



**बाबुराम गिरी : उप संयोजक, मानव अधिकार संयुक्त मञ्च :** मुलुकमा दिगो शान्ति स्थापना नहुनु, संविधान लेखन प्रक्रिया अवरूद्ध हुनु, दिनानुदिन हत्या, हिंसा, अपहरण, जातीय विभेदका घटनाहरू हुनु आदि वर्तमान परिवेशमा ठूला चुनौतीहरू हामीसमू विद्यमान छन्। यी चुनौतीहरूलाई समाधान गर्न अधिकारकर्मीहरूको काँधमा ठूलो जिम्मेवारी रहेको छ। तसर्थ यी मुद्दाहरूमा सम्पूर्ण अधिकारकर्मीहरू कसैको आग्रह र पूर्वाग्रहमा न रही निष्पक्ष रूपमा समाधानार्थ अगाडि बढनु पर्दछ भन्ने मेरो आग्रह रहेको छ।



**सुशिला सुवेदी : संयोजक, महिला मानवअधिकारवादी रक्षकहरुको सञ्जाल, भक्तपुर :** पुरुषहरूको तुलनामा महिलाहरूको मानव अधिकारको स्थिति ज्यादै दयनीय रहेको छ। महिलाहरूलाई विभिन्न बहानामा मानसिक तथा शारीरिक यातना दिनु, हत्या गर्नु, अपहरण गर्नु र यहाँसम्म कि बोक्सीको आरोपमा जिउँदै जलाइनु जस्ता केही प्रतिनिधिमूलक घटनाहरू पनि मानव अधिकारकर्मीहरूका लागि एउटा ठूलो चुनातीको रूपमा रहेको छ। यसप्रति सम्पूर्ण मानव अधिकारकर्मीहरूको ध्यान जानु नितान्त आवश्यक रहेको छ।



**हरि राउत : अध्यक्ष भक्तपुर बार एसोसिएसन :** दुई दर्जनभन्दा बढी मानव अधिकारको सन्धि, अभिसन्धिमा हस्ताक्षर गरिसकेको नेपाल संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्र भएता पनि नेपालको मानव अधिकारको अवस्था अत्यन्तै दयनीय रहेको छ। हत्या, हिंसा, अपहरण, बलात्कार, जातीय भेदभावका घटनाहरू दिनानुदिन बढिरहेका छन्। दण्डहीनता पनि मौलाउँदै गइरहेको अवस्था छ। शान्ति सुरक्षाप्रति सरकारले खासै ध्यान दिएको पाइदैन। अतः मानव अधिकारको हनन,

उल्लङ्घन हुन नदिनुको साथै मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा अधिकारकर्मीहरूको ठूलो भूमिका रहेको हुन्छ ।

**भरतबन्धु थापा : उपसभापति, नेपाल पत्रकार महासंघ, भक्तपुर :**



पत्रकार र मानवअधिकारकर्मीको कार्य गर्ने प्रकृति एउटै हुनुको साथै यी दुवैको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । वर्तमान परिवेशमा पत्रकारहरूले समाजमा घटेका घटनाहरूलाई उजगार गर्दा उनीहरूको ज्यान जोखिममा रहेको अवस्था छ । यसर्थ पत्रकारहरूको जीउधनको सुरक्षार्थ मानव अधिकारकर्मीहरूले जोडदारका साथ आवाज उठाउनु पर्ने समयको माग रहेको छ ।

**ज्ञानेन्द्रकुमार श्रेष्ठ : एकीकृत (नेकपा) माओवादी, भक्तपुर :**



लोकतन्त्र पुनर्स्थापनापछि थुप्रै मानव अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू खुलेका छन् । जसलाई सकारात्मक रूपमा लिन सकिन्छ तर अधिकांश मानव अधिकारवादी संघ संस्था र अधिकारकर्मीहरूले मानव अधिकारको मूल्य, मान्यता र सिद्धान्त अनुरुप कार्य गरिरहेको अवस्था देखिएको छैन । अधिकारकर्मीहरू दलहरूलाई गाली गर्नु र जनतालाई शोषण गर्ने जस्ता कार्यहरू गरिरहेकोले उनीहरूको कामप्रति नै प्रश्न चिन्ह लागेको जस्तो प्रतित हुन्छ । अतः अधिकारकर्मीहरू मानव अधिकारको मूल्य र मान्यता अनुरुप आफ्ना गतिविधिहरू सञ्चालन गर्नुपर्दछ र मानव अधिकारको वास्तविक अवस्था बुझ्न ग्रामीण क्षेत्रमा अध्ययन अनुसन्धान गर्नुपर्दछ ।

**आनन्दप्रसाद आचार्य : अध्यक्ष, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान :**



मुलुक संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । मानव अधिकार उल्लंघनका घटनाहरू तीव्र रुपमा वृद्धि भइरहेको छ । नागरिक असुरक्षित छन्, सरकार अकर्मण्य बनेको छ । संविधान लेखनभन्दा सत्ताकै खेलमा राजनीतिक दल तथा नेताहरू एक-अर्कामाथि दोषारोपण तथा लाञ्छाना लगाइरहेको अवस्था छ । सरकारमा बसेका मन्त्रीहरू पनि गैर जिम्मेवार अभिव्यक्ति दिन थालेका देखिन्छन् । यसैक्रममा संघीयताको विषयमा गम्भीर ढङ्गले उठिसकेको छ । यसलाई राष्ट्रिय एकता कायम राख्ने किसिमले लिनुपर्ने हुन्छ । जुन मुलुकको हित अनुकूल होस् । प्रतिष्ठानको छैटौं राष्ट्रिय सम्मेलन सफल पार्न सहयोग पुऱ्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्मेलनको बन्दसत्रबाट महासचिव भवानीप्रसाद खरेलद्वारा प्रस्तुत महासचिवको प्रतिवेदन, कोषाध्यक्ष राजकुमार गुरुङबाट प्रस्तुत आर्थिक वर्ष २०६६/०६७ र २०६७/०६८ को लेखापरीक्षण प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा आ.व. ०६८/०६८ को लागि अनुमानित बजेट र कार्यक्रम पारित गरिएको छ । आ.व. २०६८/०६९ र ०६९/०७० का लागि लेखापरीक्षक नियुक्त गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई दिनेसमेत निर्णय गरियो । संस्थाका कानुनी सल्लाहकार अधिवक्ता तीर्थराज बसौलाद्वारा प्रस्तुत प्रतिष्ठानको विधान २०५३ समयानुकूल संशोधन समेत गरिएको छ, साथै विधान संसोधनका बारेमा स्थानिय प्रशासनसंग समन्वय गरि केही थप, घट गर्नु पर्ने भएमा सो समेत गर्न केन्द्रिय समितिलाई अधिकार दिने निणर्य गरिएको छ ।

बन्द सत्रमा कोमल प्रसाद प्रसाईं-झापा, लालराज सुवेदी-झापा, विनोद शर्मा-मोरङ्ग, मौसम राई-उदयपुर, टिकाराम नेती-झापा, खेम नेपाली-स्याङ्जा, रामभक्त सुवाल-भक्तपुर, ठाकुरप्रसाद देवकोटा-सल्यान, अन्जना वासुकला-भक्तपुर, राजेन्द्र श्रेष्ठ-काठमाडौं, किरण बान्तवा-काठमाडौं, गणेश परियार-सुनसरी, भोगेन्द्र झा-धनुषा र मुना मल्ल श्रेष्ठ-काठमाडौं लगायतका प्रतिनिधिहरूले मानव अधिकारका विविध पक्षमा आ-आफ्ना विचार राख्नुभएको थियो ।

प्रतिष्ठानको भक्तपुर जिल्ला शाखाको व्यवस्थापकीय सहयोगमा सम्पन्न सम्मेलनबाट विभिन्न वर्ग/क्षेत्रका समस्यालाई सम्बोधन गरी २० बुँदे **भक्तपुर घोषणापत्र** जारी गरिएको छ । सोही अवसरमा प्रतिष्ठानको केन्द्रीय कार्यसमितिको निर्वाचनसमेत सम्पन्न भएको छ । प्रतिष्ठानका संस्थापक योगेन्द्रमान बिजुक्छेको अध्यक्षतामा निर्विरोध निर्वाचित पदाधिकारी सदस्यहरूलाई निर्वाचन अधिकृत तीर्थराज बसौलाले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## नव निर्वाचित केन्द्रीय कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | योगेन्द्रमान बिजुक्छे -भक्तपुर |
| उपाध्क्षहरू | विजयकुमार सिंह -धनुषा |
| | लेखबहादुर थापा -कास्की |
| | श्रीमती यासिवा रहमान -काठमाडौं |
| महासचिव | भवानीप्रसाद खरेल -काठमाडौं |
| उप-महासचिव | केशवराज लोहनी -काठमाण्डौं |
| कोषाध्यक्ष | राजकुमार गुरुङ -काठमाडौं |
| सदस्यहरू | विनोदकुमार विश्वकर्मा -सप्तरी |
| | टि. एन. न्यौपाने 'नवराज'-गोरखा |
| | कोमल प्रसाद प्रसाईं -झापा |
| | छिरिङ निमा -काठमाडौं |
| | भक्तबहादुर सिंह- डोटी |
| | रामभक्त सुवाल -भक्तपुर |




नवनिर्वाचित केन्द्रीय कार्यसमिति




प्रमाण-पत्र वितरण गर्दै निर्वाचन अधिकृत तीर्थ राज बसौला

## प्रतिष्ठानको छैटौं राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गराउन विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने निम्न बमोजिमका महानुभावहरुलाई समापन समारोहमा प्रशंसापत्र प्रदान गरिएको थियो ।

| | |
|---|---|
| अकल पाखिन | : डिजाइनर/स्वयंसेवक, नुवाकोट |
| केशवप्रसाद खनाल | : आजीवन सदस्य, मोरङ |
| निमदोर्जे शेर्पा | : उपसभापति, बौद्ध शाखा, काठमाडौं |
| पासाङ तामाङ | : उपसभापति, काठमाडौं शाखा, काठमाडौं |
| नर्बु शेर्पा | : सदस्य, बौद्ध शाखा, काठमाडौं |
| छिरिङ निमा | : आजीवन सदस्य, काठमाडौं |
| सोनाम शेर्पा | : कोषाध्यक्ष, बौद्ध शाखा, काठमाडौं |
| यासी डोल्मा शेर्पा | : सल्लाहकार, बौद्ध शाखा, काठमाडौं |
| सत्यनारायण दुवाल | : आजीवन सदस्य, भक्तपुर |
| आशाकाजी गोरा | : आजीवन सदस्य, भक्तपुर |
| प्रमोदराज भण्डारी | : आजीवन सदस्य, भक्तपुर |
| कृष्णराम दुवाल | : आजीवन सदस्य, भक्तपुर |
| शिवप्रसाद पोखरेल | : आजीवन सदस्य, भक्तपुर |
| राजेन्द्र कर्माचार्य | : आजीवन सदस्य, भक्तपुर |
| वसुन्धरा मधीकर्मी | : सक्रिय सदस्य, भक्तपुर |
| प्रदीप कायस्थ | : सक्रिय सदस्य, भक्तपुर |
| रामभक्त सुवाल | : उपसभापति, भक्तपुर शाखा |
| नवराज घिमिरे | : उपसभापति, भक्तपुर शाखा |
| इडा शर्मा | : सहसचिव, भक्तपुर शाखा |
| राधाकृष्ण भण्डारी | : सचिव, भक्तपुर शाखा |
| सन्जीव खनाल | : कोषाध्यक्ष, भक्तपुर शाखा |
| निर्मला सुवाल | : सदस्य, भक्तपुर शाखा |
| राजेन्द्र कोजु | : सदस्य, भक्तपुर शाखा |
| विकास तौंजु | : सदस्य, भक्तपुर शाखा |
| राजकुमार तामाङ | : आजीवन सदस्य, बौद्ध, काठमाडौं |
| केशव चवाल | : आजीवन सदस्य, भक्तपुर |
| स्नेहलता निरौला | : स्वयंसेवक, काठमाडौं |
| एरिक खागी | : स्वयंसेवक, भक्तपुर |
| सहदेव खाकी | : ग्राफिक डिजाइनर, हर्फोन |
| सन्जीवकुमार योन्जन | : सचिव, बौद्ध शाखा, काठमाडौं |
| मनकुमारी लामा | : आजीवन सदस्य, बारा |
| नन्दकुमार मल्ल | : आजीवन सदस्य, काठमाडौं |
| लोकबहादुर स्वर्णकार | : सदस्य, दाङ |
| मुना मल्ल श्रेष्ठ | : आजीवन सदस्य, काठमाडौं |
| कञ्चनप्रसाद खरेल | : युथ कोअर्डिनेटर, हर्फोन |
| ध्रुवबहादुर खड्का | : आजीवन सदस्य, भक्तपुर |
| राममणि न्यौपाने | : आजीवन सदस्य, भक्तपुर |
| राजकुमार गुरुङ | : कोषाध्यक्ष, हर्फोन |
| यज्ञ खत्री | : कर्मचारी, हर्फोन |

## भवन निर्माण कोषमा सहयोग गर्नुहुने व्यक्तित्वहरू

प्रतिष्ठानको पाँचौं राष्ट्रिय सम्मेलनका अवसरमा स्थापना गरिएको प्रतिष्ठानको भवन निर्माण कोषमा हालसम्म रू. २,५०,५११।४० जम्मा भएको छ भने छैटौं राष्ट्रिय सम्मेलनका अवसरमा निम्नबमोजिका सदस्यहरूबाट उल्लेख भएबमोजिमको रकम उक्त कोषमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएको छ।

| नाम | रकम |
|---|---|
| राममणि न्यौपाने, भक्तपुर | रु. ५०,०००।- |
| लालराज सुवेदी, झापा | रु. ५,५५५।- |
| पासाङ तामाङ, काडमाडौं | रु. ५,०००।- |
| विनोद शर्मा, मोरङ | रु. २,५००।- |
| चन्द्र रनपहेली, काठमाडौं | रु. २,०००।- |
| अम्बिका खाकी, भक्तपुर | रु. २,००१।- |
| सुरेन्द्र तण्डुकार, काठमाडौं | रु. २,०००।- |
| हर्फोन, उदयपुर शाखा | रु. २,०००।- |
| सुमित्रा प्रसाई, झापा | रु. १,५००।- |
| श्रीकृष्ण रञ्जितकार, काठमाडौं | रु. १,५०५।- |
| राजेन्द्र श्रेष्ठ, काठमाडौं | रु. १,२१२।- |
| रामभक्त सुवाल, भक्तपुर | रु. १,१११।- |
| जयपाल कायस्थ, भक्तपुर | रु. १,००१।- |
| नवराज घिमिरे, भक्तपुर | रु. १,१११।- |
| सञ्जीव खनाल, भक्तपुर | रु. १,१११।- |
| राधाकृष्ण भण्डारी, भक्तपुर | रु. १,१११।- |
| सन्तोष पन्त, काठमाडौं | रु. १,१११।- |
| इडा शर्मा, भक्तपुर | रु. १,१११।- |
| खेम नेपाली, स्याङ्जा | रु. १,०५०।- |
| चन्द्रमाया लामा, काठमाडौं | रु. १,०००।- |
| हरिचन्द्र भट्टराई, काठमाडौं | रु. १,०००।- |
| किरण बान्तवा, काठमाडौं | रु. १,००१।- |
| निर्मला सुवाल, भक्तपुर | रु. ५००।- |

## भवन निर्माण कोषमा रकम जम्मा गर्ने बैंक खाता

| | |
|---|---|
| राष्ट्रिय मानवअधिकार प्रतिष्ठान<br>राष्ट्रिय वाणिज्य बैंक<br>सिंहदरबार शाखा, पुतलीसडक<br>बचत खाता नं ४४२५३ | राष्ट्रिय मानवअधिकार प्रतिष्ठान<br>नबिल बैंक लिमिटेड<br>अनामनगर शाखा, अनामनगर, काठमाडौं<br>बचत खाता नं ४८१००१७५००३३१ |

भवानीप्रसाद खरेल
महासचिव
सम्पर्क-९८५१०७७५७०

# भक्तपुर घोषणापत्र – २०६८

(राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको २०६८ फागुन ६ गते (18 Feb, 2012) भक्तपुरमा सम्पन्न छैटौँ राष्ट्रिय सम्मेलनबाट पारित भक्तपुर घोषणापत्र-२०६८)

१. विस्तृत् शान्ति सम्झौताको मर्मअनुरूप विद्यमान शान्तिप्रक्रियालाई न्यायिक निष्कर्षमा पुर्‍याई न्यायमैत्री शान्ति, लोकतान्त्रिक एवं मानव अधिकारमैत्री संविधान निर्माणको कार्य तोकिएको समयसीमा भित्र पूरा गरियोस् ।

२. विद्यमान हत्या, हिंसा, अपहरण विशेष गरी महिलामाथि भइरहेको हिंसा र असुरक्षाको वातावरणले समग्र देशको जनजीवन असुरक्षित, भयावह र संकटग्रस्त हुँदै गईरहेको अवस्थामा देशमा शीघ्र दिगो शान्तिको पुनर्बहाली, जनजीवनको सुरक्षा र कानुनी शासनको प्रत्याभूति प्रदान गरियोस् भनि नेपाल सरकारसँग यो सभा जोडदार माग गर्दछ ।

३. मानव अधिकार तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई कुनै पनि हालतमा आममाफी नदिन र उनीहरूलाई कानुनी दायरामा ल्याउन यो सम्मेलन जोडदार माग गर्दछ। साथै द्वन्द्वपीडित, नागरिकहरूको न्याय सुनिश्चित गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोग र नागरिक बेपत्ता छानबिन आयोग अविलम्व गठन गरियोस् ।

४. राष्ट्रिय मानव अधिकार आयोगलाई विश्वव्यापी मान्यता र सिद्वान्त अनुसार पूर्ण अधिकार सम्पन्न, स्वतन्त्र र प्रभावकारी संवैधानिक अंग बनाउन यो सम्मेलन नेपाल सरकार तथा संविधानसभा समक्ष हार्दिक अनुरोध गर्दछ ।

५. संघीयताको स्वरूप निर्धारण गर्दा शक्ति, साधन र स्रोतको न्यायोचित बाँडफाँड र पहुँचलाई सुनिश्चित गरी राज्यलाई नागरिकको सामिप्यमा लैजान सक्ने ढाँचाको संरचना निर्धारण गरी आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक र सीमान्तकृत समूहहरूको राज्यका साधन स्रोत र नीति निर्माण प्रक्रियामा उनीहरूको समावेशीकरण, स्वामित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गरियोस् भनि यो सभा राजनीतिक दल तथा संविधानसभा समक्ष जोडदार माग गर्दछ ।

६. सूचनाको हकको सम्मान गर्दै स्वतन्त्र सञ्चारमाध्यम र नागरिकहरूको सूचनामा पहुँचको ग्यारेन्टी गरियोस् ।

७. नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय मुलुक भएकाले परम्परादेखि कायम रहँदै आएको जातीय सद्भाव र एकता अक्षुण्ण रहोस् भन्ने हामी सबै मानव अधिकारकर्मीको सोच र अवधारणा निरन्तर कायम छ । साथै अल्पसंख्यक र उपेक्षित वर्ग, जाति, जनजातिका भाषा, लिपि र संस्कृतिको उत्थानका लागि सरकारबाट शीघ्र ठोस नीति र कार्यक्रम अवलम्बन गरियोस् भन्ने माग गर्दछौं ।

८. मानव अधिकार रक्षकहरूको जीउधनको सुरक्षा, अभिव्यक्ति, सभा, सम्मेलन, संगठन तथा सूचनाहरूको आदान प्रदान गर्न पाउने अधिकारको सुनिश्चित गरियोस् ।

९. केही समयदेखि निरन्तर रूपमा महिलाउपर हुँदै आएका मानव सभ्यता विपरीतका हिंसा, हत्या, बलात्कार र उत्पीडनका घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार प्रतिष्ठानको गम्भीर ध्यानाकर्षण भएको छ, तसर्थ महिलामाथि हुने हत्या, हिंसा, बलात्कार, असमानता, र सबैखाले भेदभावको अन्त्य गर्ने संवैधानिक व्यवस्था गरियोस् ।

१०. नागरिकतासम्बन्धी विवादको अबिलम्ब न्यायिक सम्बोधन गरी प्रत्येक योग्य नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गरियोस् ।

११. बालिकाउपर हुने लैङ्गिक हिंसा, विभेद, यौनजन्य हिंसा, शोषण, बेचबिखन र बालविवाह जस्ता घटनाहरू निर्मूल गर्ने संवैधानिक व्यवस्था गर्दै बालबालिकाको शिक्षा, स्वास्थ्य, मनोरन्जन,

सहभागिता र विकासको अधिकार सुनिश्चित गरियोस् तथा विद्यालय र बालवालिका शान्तिक्षेत्र घोषणाको सार्थक कार्यान्वयन गरियोस् ।

१२. ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाको पूर्ण सुनिश्चितता गरी उनीहरूलाई उचित जीवनयापनको निम्ति आवश्यक गाँस, बास, कपास, स्वास्थ्य र सुरक्षाको संवैधानिक सुनिश्चितता गरियोस् ।

१३. तेस्रो लिङ्गी एवं यौनिक अल्पसंख्यकहरूको आत्मसम्मानको रक्षा गर्दै सबै प्रकारका विभेद र भेदभावपूर्ण व्यवहारको अन्त्य गरी सम्मानपूर्वक जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित गरियोस् साथै उनीहरूको पहिचान अनुरुपको नेपाली नागरिकता अविलम्ब प्रदान गरियोस्।

१४. अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यका हरेक निकाय, संयन्त्र र निर्णय प्रक्रियामा न्यायोचित एवं समानुपातिक प्रतिनिधित्वको संवैधानिक रूपमा सुनिश्चितता गरियोस् तथा उनीहरूको विशेष अवस्थालाई मध्येनजर गरी दैनिक जीवनयापनमा प्रयोग हुने सार्वजनिक स्थल र प्रतिष्ठानहरूमा अपाङ्गमैत्री सुविधायुक्त संरचना सुनिश्चित रहने गरी कानुनी व्यवस्था गरियोस् ।

१५. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय र पेशाका आधारमा गरिने छुवाछूत तथा जातीय विभेद अन्त्य गर्ने संवैधानिक व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी नयाँ संविधानमा परिकल्पना गरिएको राज्यको नयाँ शासकीय संरचनामा जनसंख्याको समानुपातिक आधारमा दलित, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम र पछाडि पारिएका जातजाति तथा भाषाभाषीहरूको प्रतिनिधित्व सुनिश्चित गरियोस् ।

१६. किसान, सुकुम्वासी, श्रमिक, हरूवा-चरूवा, मुक्तकमैया, वादी समुदाय, पिछडावर्ग, भूमिहीन आदिको अधिकार सुनिश्चित गर्न नयाँ संविधानमा विशेष व्यवस्था गरियोस्।

१७. गुरुकूल, मदरसा, गुम्बा र विहार जस्ता धार्मिक एवं शैक्षिक सस्थाहरूमा सञ्चालन भइरहेको पठनपाठनलाई अझ अद्यावधि गर्ने तथा तिनका विशेषताको संरक्षण गर्दै तिनीहरुलाई पनि सुविधासम्पन्न गर्न राज्यबाट ठोस नीतिको अवलम्बन गरियोस्।

१८. नेपालबाट रोजगारका लागि विदेश गएका कामदारहरू विशेष रूपमा महिला श्रमिकको रोजगारको सुरक्षामा चुनौतीहरू उपस्थित भएको महिला श्रमिकहरूमाथि हिंसाजन्य र यातनाका घटनाहरू पटक-पटक भइरहेको समाचार सञ्चार माध्यमबाट प्रकाशमा आईरहेका छन्। तसर्थ आदिवासी कामदार श्रमिक विशेषगरी महिला श्रमिकहरूको रोजगारी र जीवनको सुरक्षा गरियोस् भनी यो सम्मेलन नेपाल सरकारसँग जोडदार आग्रह गर्दछ ।

१९. जलवायु परिवर्तनको नकारात्मक असरबाट प्रभावित देशहरूमा नेपाल पनि अग्रपङ्क्तिमा रहेको तथ्यलाई मध्यनजर गर्दै सोबाट प्रभावित गरीब तथा समुदायहरूको अनुकूल क्षमता अभिवृद्धि गर्न राज्यले ठोस नीति अवलम्बन गरी तत्काल कार्यान्वयन गरियोस् भनि सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ।

२०. नेपालमा रहेका भुटानी र अन्य शरणार्थी समस्याको यथाशीघ्र न्यायोचित समाधान खोजी शरणार्थीहरूलाई स्वदेश फर्कन पाउने र उनीहरूको अधिकारको रक्षा गर्न सम्बन्धित पक्षहरूलाई यो सभा हार्दिक आग्रह गर्दछ । ■



सम्मेलनका सहभागीहरू



दिवा भोजनमा सम्मेलनका सहभागीहरू